# कीर्तिपुर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
## कीर्तिपुर, काठमाडौं
## ट्यावलेट खरिदका लागि सिलबन्दी दरभाउपत्र आव्हानको सूचना
**(प्रथम पटक प्रकाशित मितिः २०७८/०९/२२)**

यस नगरपालिकाको लागि तपसिल अनुसारका ट्यावलेटहरु सार्वजनिक खरिद नियमावली, २०६४ (संशोधन सहित) को नियम ८४ अनुसारको सिलबन्दी दरभाउपत्रको माध्यमबाट खरिद गर्नु पर्ने भएकोले ईजाजतप्राप्त इच्छुक उद्योग, फर्म/कम्पनी/आपुर्तीकर्ताले फर्म दर्ता प्रमाणपत्र, मुल्य अभिबृद्धि करमा दर्ता भएको प्रमाणपत्र र गत आ.व.को कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपीसहित निम्न बमोजिमका उल्लेखित शर्तहरुको अधिनमा रही यो सूचना पहिलो पटक प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र सिलबन्दी दरभाउपत्र पेश गर्न हुन सम्वन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

१. सिलबन्दी दरभाउपत्र साथ जमानत वापत कबोल गरेको रकमको २.५ प्रतिशतले हुन आउने रकम यस नगरपालिकाको कृषि विकास वैक, कीर्तिपुर कीर्तिपुर न.पा. (ग—३) खाता नं. *0211100047277125* मा नगद जम्मा गरेको सक्कल बैंक भौचर वा यस कार्यालयको नाममा जारी गरेको कम्तिमा ७५ दिन म्याद भएको (दरभाउपत्र बुझाउने अन्तिम मिति देखि) नेपाल सरकारको मान्यता प्राप्त वाणिज्य बैंकबाट बैंक जमानत संलग्न भएको हुनु पर्नेछ । साथै, रकम जम्मा गर्दा रकम जम्मा गर्नुको उद्देश्य सहित संस्थाको प्यान/भ्याट नं. भौचरमा अनिवार्य खुलाउनु पर्नेछ ।

२. प्रत्येक सिलबन्दी दरभाउपत्र दाताले दरभाउपत्र फाराममा उल्लेखित शर्तहरु अध्ययन गरी पूर्णरुपले पालना गर्नु पर्नेछ ।

३. खरीद गरिने सामानहरु दरभाउपत्र फारम साथ रहेको स्पेशिफिकेशनमा उल्लेखित मापदण्ड अनुसारका हुनु पर्ने छ । यदि स्पेशिफिकेशनमा उल्लेख गरे अनुसार नभएमा उक्त सामानहरु स्वीकार गरिने छैन ।

४. दरभाउपत्र खरिद गर्ने, दाखिला गर्ने र खोल्ने अन्तिम दिन विदा परेको खण्डमा त्यसको लगत्तै कार्यालय खुलेको दिन र समयमा दरभाउपत्र खरिद गर्ने, दाखिला गर्ने र खोल्ने कार्य गरिने छ ।

५. यस सूचनामा उल्लेख हुन छुट भएका कुराहरु सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ (संशोधन २०७६ सहित) तथा प्रचलित कानुन अनुसार हुनेछ ।

६. दरभाउपत्र स्वीकृत गर्ने, नगर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने सम्पुर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

७. अन्य थप केही कुराहरु बुझ्न परेमा यस नगर कार्यपालिकाको कार्यालय, कार्यालय समय भित्र कार्यालयको फोन नं. ०१४३३११८१ वा मोबाईल नं. ९८४७६२६३३९ मा सम्पर्क गर्न सकिनेछ ।

| क.सं. | ठेक्का नं. | सामग्रीको विवरण | दरभाउपत्र खरिद गर्ने अन्तिम मिति, समय र स्थान | दरभाउपत्र दर्ता गर्ने र खोल्ने मिति समय र स्थान | दरभाउपत्र फारम खरिद मूल्य | कैफित |
|---|---|---|---|---|---|---|
| १ | **KRM** १३/२०७८/०७९ | ट्यावलेट खरिद — १९ थान (स्पेसिफिकेसन दरभाउपत्र फाराममा तोकिए बमोजिम) | प्रथम पटक प्रकाशित मितिले १५ दिन भित्र । की.न.पा. कार्यालय (कार्यालय समय भित्र) | १६औं दिन, दिनको १२ बजे सम्म दर्ता गर्ने र सोही दिन दिनको २ बजे की.न.पा कार्यालयमा खोलिने । | रु. १०००।- | |